# कर्णाली प्रदेश सरकारको "मूल्यवान" कर्णाली किसानको सम्पदा" नामक लोगो प्रयोग सम्बन्धी मापदण्ड, २०७८

**प्रस्तावना** : राष्ट्रिय कृषि नीति, २०६१ तथा कर्णाली प्रदेश संसदले कर्णाली प्रदेश प्राङ्गारिक कृषि ऐन, २०७६ कार्यान्वयनको सिलसिलामा कर्णाली प्रदेशमा परम्परागत रुपमा खेती गरिंदै आएका रैथाने बालीहरु र प्राङ्गारिक कृषि उत्पादनहरुका लागि छुट्टै लोगोको व्यवस्था गर्नु पर्ने आवश्यकता भए अनुरुप कर्णाली प्रदेश सरकारको मिति २०७८।०२।२० को निर्णयबाट प्रदेशको पहिचान झल्किने गरि देश विदेशका उच्च मूल्य, उपभोक्ता बजारहरुमा निजी तथा सहकारी क्षेत्रको सहभागीतामा स्वीकृत **मूल्यवान** लोगोलाई कर्णाली प्रदेशको विशिष्ट भूवनोट र हावापानीमा उत्पादन भएका कृषि उपजहरुको गुणस्तरलाई अलग पहिचान सहित मूल्य अभिवृद्धी गरि उच्च मूल्यमा प्रयोग गरी राष्ट्रिय एवं अन्तराष्ट्रिय बजारमा परिचित गराउने उद्देश्य हासिल गर्न कर्णाली प्रदेश प्राङ्गारिक कृषि ऐन, २०७६ को दफा १६ को प्रावधान बमोजिम लोगो प्रयोग गर्न अनुमति दिने प्रक्रिया र प्रयोगको लागि मापदण्ड निर्धारण गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो मापदण्डको नाम " कर्णाली प्रदेश सरकारको "मूल्यवान कर्णाली किसानको सम्पदा" "**MULYAWAN Heritage of Karnali Farmer**" नामक लोगो प्रयोग सम्बन्धी मापदण्ड, २०७८" रहेको छ ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क)"आन्तरिक नियन्त्रण प्रणाली" वा "Internal Control System'' (ICS) भन्नाले प्राङ्गारिक गुणस्तर किटानी गर्ने एक लिखित दस्तावेज सम्झनु पर्छ जस अन्तर्गत प्राङ्गारिक प्रमाणीकरण निकायले समूहका हरेक सदस्यहरुले वार्षिक निरिक्षण गर्न सोही समूह अन्तर्गत गठन भएको व्यवस्थापन समितिलाई अनुमति प्रदान गरी प्राङ्गारिक गुणस्तर कायम गर्न जिम्मेवार बनाउँछ र साना उत्पादकहरुलाई संगठित गराई प्राङ्गारिक कृषि उत्पादनको प्रमाणिकरणमा पहुँच बढाउन तथा प्रमाणिकरणको खर्च घटाउन सहयोग पुर्याउने प्रणाली समेतलाई सम्झनु पर्दछ ।

(ख) "उत्पत्ती पहिचान" भन्नाले कर्णालीमा उत्पादन भएका प्राङ्गारिक कृषि उपज र विभिन्न रैथानेबालीहरुको उत्पादन देखि प्याकिङ्गसम्मका सम्पूर्ण चरणहरुलाई पहिचान गर्न सक्ने माध्यमलाई सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले कर्णाली प्रदेश प्राङ्गारिक कृषि ऐन, २०७६ सम्झनु पर्दछ ।

(घ) "निर्यातकर्ता" भन्नाले कर्णालीमा उत्पादन तथा प्रशोधन भएका कृषि उपजलाई नेपाल बाहिर पठाउने काममा संग्लन हुने फर्म, संगठित संस्था वा सहकारीलाई सम्झनु पर्छ ।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

(ङ) **"निवेदक"** भन्नाले दफा ५ को उपदफा (१) बमोजिम लोगो प्रयोग गर्न अनुमति लिन इच्छुक सहकारी, फर्म, बिक्रेता, प्रशोधन कर्ता, प्याकिङ्ग कर्ता वा बजारीकरणमा संग्लन व्यवासायी भनेर बुझ्नुपर्दछ ।

(च) **"परम्परागत पद्धतिबाट उत्पादित कृषि उपज" ("Traditionally Growth Product")** भन्नाले रासायनिक पदार्थ अनुपस्थित क्षेत्रबाट उत्पादन भएको रैथाने तथा स्थानिय जातका बालीहरुको स्वघोषित उत्पादनलाई सम्झनुपर्दछ ।

(छ) **"प्रमाणीकरण चिन्ह"** भन्नाले प्रमाणीकरण निकायले सञ्चालन गरेको प्रमाणीकरण कार्यक्रममा पर्ने शर्तहरु पुरा गरेको प्रमाणित गर्नका लागि दिइने चिन्ह सम्झनु पर्दछ ।

(ज) **"प्रमाणीकरण निकाय"** भन्नाले कुनै उत्पादनलाई प्राङ्गारिक उपज हो होइन भनि मूल्यांँकन गर्ने सम्बन्धन प्रदायक निकायबाट सम्बन्धन प्राप्त गरेको स्वतन्त्र निकाय सम्झनुपर्दछ ।

(झ) **"प्रयोगकर्ता"** भन्नाले कर्णालीमा उत्पादन भएका कृषि उपजहरु जो प्राङ्गारिक प्रमाणिकरण गरीएका वा रैथाने बालीहरुको बजारीकरणमा संलग्न दफा ५ बमोजिम इजाजत लिई प्याकेटको लेभलमा लोगो प्रयोग गर्ने प्रशोधनकर्ता वा प्याकेजकर्तालाई सम्झनु पर्दछ ।

(ञ) **"प्राङ्गारिक कृषि"** भन्नाले दीगो पर्यावरण र पारिस्थितिकीय प्रणाली सुरक्षित गुणस्तरिय तथा पोषणयुक्त खाना, प्राणी जातिको कल्याण र सामाजिक न्यायका लागि कृषि प्रणालीमा प्रयोग हुने निश्चित प्रक्रियाहरुको एकीकृत उपागमलाई जनाउँदछ ।

(ट) **"प्राङ्गारिक कृषि उत्पादन"** भन्नाले नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्धारा जारी गरिएको प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका, २०६४ बमोजिम उत्पादित कृषि उत्पादन सम्झनुपर्छ । सो शब्दले उत्पादक र उपभोक्ता लगायतका सरोकारवालाहरुको सहभागितामा स्थानिय परिवेश अनुसार तयार गरिएको मापदण्ड बमोजिम उत्पादित तरकारी खाद्यान्न तथा फलफूल उत्पादन समेतलाई जनाउँछ ।

(ठ) **"प्राङ्गारिक कृषिको लागि कर्णाली प्रदेशको लोगो प्रयोग भएको प्याकिङ्ग "** भन्नाले दफा ४ बमोजिमको प्याकेट बुझ्नु पर्दछ ।

(ड) **"प्राङ्गारिक खेती"** भन्नाले प्राङ्गारिक कृषि प्रणाली अपनाई गरिएको कृषि पध्दतिलाई जनाउँछ।

(ढ) **"प्राङ्गारीक प्रमाणित उपज" ("Organic Certified Product")** भन्नाले प्राङ्गारीक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका, २०६४ बमोजिम मान्यता प्राप्त प्रमाणीकरण निकायले प्रमाणीत गरी यसै कार्यविधि बमोजिमको प्राङ्गारिक उपजको लोगो लगाएको उत्पादन सम्झनु पर्दछ ।

(ण) **"प्राङ्गारिक रुपान्तरण उपज" ("Organic in-conversion Product")** भन्नाले प्राङ्गारिक विधिबाट उत्पादित उपजको प्राङ्गारिक प्रमाणीकरण शुरु गरेदेखि प्राङ्गारिक प्रमाणीकरण चिन्ह प्राप्त नगरेसम्मको रुपान्तरण अवधिभित्र गरिएको उत्पादनलाई सम्झनुपर्दछ ।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

(त) **"बिक्रेता"** भन्नाले कर्णाली प्रदेशका विभिन्न जिल्लाहरुमा उत्पादन भएका कृषि उपजहरुलाई प्राङ्गारिक प्रमाणित गरी र विभिन्न रैथाने बालीहरुलाई प्राङ्गारिक उपजको रुपमा बजारीकरणमा संग्लन रहेका प्रचलित कानुन बमोजिम दर्ता र अनुमती प्राप्त फर्म, बिक्रेता, संघ संस्था, सहकारी, कम्पनी कोशेली घर, खाद्य सप्लायर्स पसल, फर्म, सहकारी, समूह, फुड हाउस सम्झनु पर्दछ ।

(थ) **"भौगोलिक उत्पत्तीको पहिचान"** भन्नाले कर्णाली प्रदेश अन्तर्गतका जिल्ला र जिल्लाभित्र का स्थानीय तहहरूमा उत्पादन भई त्यस भौगोलिक क्षेत्रको गुण विशेषता र साख झल्काउने अनुसूचि २ बमोजिमका उत्पादनलाई सम्झनु पर्दछ ।

(द) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेशलाई सम्झनुपर्दछ।

(ध) **"रासायनिक विषादी प्रयोग नगरिएको उपज" ("Product without use of chemical pesticide")** भन्नाले रासायनिक विषादी प्रयोग नगरी उत्पादित स्वघोषित उत्पादन सम्झनुपर्दछ ।

(न) **"रैथाने बाली"** भन्नाले परम्परागत रुपमा सदियौं देखि कृषकहरुले खेती एवं संरक्षण गर्दै आइरहेका कृषि बालीहरु सम्झनु पर्दछ । यी बालीहरुले कोदो, फापर, चिनो, कागुनो, लट्टे, मार्से, उवा, जौ जस्ता खाद्यान्न (Cereals) र मिथान्न बाली (Pseudo cereals) तथा बागवानी क्षेत्रमा पर्ने रैथाने बालीहरुलाई समेत जनाउँछ ।

(ऩ) **"लोगो"** भन्नाले कर्णाली प्रदेश सरकारको मूल्यवान कर्णाली किसानको सम्पदा नामक लोगो प्रयोग सम्बन्धी मापदण्ड, २०७८ को दफा ३ को उपदफा (१) मा भएको मूल्यवान कर्णाली किसानको सम्पदा (MULYAWAN-HERITAGE OF KARNALI FARMER) अंकित चिन्हलाइ सम्झनु पर्दछ ।

(प) **"सहभागितामुलक गुणस्तर निर्धारण प्रणाली" वा "Participatory Guarantee System " ("PGS")** भन्नाले उत्पादक र उपभोक्ता लगायतका सरोकारवालाहरुको सहभागितामा स्थानिय परिवेश अनुसार सञ्चालन हुने प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर निर्धारण प्रणाली सम्झनु पर्दछ ।

(फ) **"Traceability information"** भन्नाले कर्णाली प्रदेशको जिल्ला र स्थानीय तहका तथा कुन वार्डमा उत्पादन भएको हो सो को जानकारी प्रदान गर्ने अनुसूची २ बमोजिमको हुने सांकेतिक नम्बर भनेर बुझिने छ ।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## परिच्छेद – २
## लोगो र गुणस्तर सम्वन्धी व्यवस्था

३. <u>लोगोको गुणस्तर, प्याकिङ्ग र मान्यता</u> : (१) कर्णाली कर्णाली प्रदेश सरकारको मूल्यवान कर्णाली किसानको सम्पदा नामक लोगो प्रयोग सम्बन्धी मापदण्ड, २०७८ मा भएको लोगोको पहिचान देहाय बमोजिम हुनेछ ।

मूल्यवान
कर्णाली किसानको सम्पदा

MULYAWAN
Heritage Of Karnali Farmer

लोगोमा कर्णालीलाई माया गरौं भन्ने भावले हातका दुई हत्केलाले अर्ध गोलाकारमा हिउं समेतका अग्ला तीनवटा पहाड, त्यसबाट बग्दै आएको कर्णाली नदी, बालीनाली सहितको जमिनको मनोरम भू बनोट, त्यस्का दुवैतर्फ स्याउ, सुन्तला र ओखर लगायतका फलफुलका वोटहरू समेतको समग्र कर्णाली लाई समेटिएको छ । त्यसको ठीक तल अंग्रेजीमा 'MULYAWAN' र त्यस्को तल 'Heritage of Karnali Farmer' लेखिएको हुनेछ भने नेपाली अक्षरमा राख्दा 'मूल्यवान' र 'कर्णाली किसानको सम्पदा' भनेर लेखिएको हुनेछ ।प्राङ्गारिक तथा रैथाने उपजहरुको लागि कर्णाली प्रदेशको लोगो लगाइएको उपज देहाय बमोजिमको गुणस्तरण भएको हुनुपर्दछ ।

(२) प्राङ्गारिक कृषिको लागि कर्णाली प्रदेशको लोगो प्रयोग गरी प्याकिङ्ग विवरणमा देहायका कुराहरु समावेश हुनुपर्दछ ।

(क) मूल्यवान लोगो टाँस गरी प्याकिङ्ग गर्दा प्याकेटमा तौल र प्याकिङ्ग सामग्री सहितहुने जम्मा तौल स्पष्ट खुलेको हुनु पर्नेछ ।

(ख.) प्याकमा उत्पादन मिति, उपयोग गर्न सकिने अधिकतम समय, किसिम, ग्रेड र उत्पत्ती स्थल स्पष्ट तोकिएको हुनु पर्नेछ ।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

## परिच्छेद-३
## स्वामित्व तथा इजाजत सम्वन्धी व्यवस्था

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश सरकार
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

४. **स्वामित्व तथा प्रयोग** :(१) लोगोको स्वामित्व मन्त्रालयसँग रहनेछ ।

(२) लोगोलाई प्रशोधनकर्ता वा प्याकेजकर्ता वा दफा ७ को उपदफा (१) बमोजिमको संघ संस्थाले मात्र प्रयोग गर्न सक्नेछ ।

(३) लोगो कर्णाली प्रदेशमा उत्पादित विभिन्न रैथाने बालीहरु, प्राङ्गारिक कृषि बस्तुहरु र जडिबुटिको लागि मात्र प्रयोग गरिनेछ ।

(४) लोगो प्रयोगकर्ताकिले उक्त लोगोलाई थपघट नगरी वा कुनै प्रकारले संशोधन नगरी प्याकेटको लेबल वा अन्य भागमा प्रयोग गर्नु पर्नेछ ।

५. **लोगो प्रयोग गर्न इजाजतपत्र लिनु पर्ने** : (१) यस कार्यविधि बमोजिम कर्णालीमा उत्पादित कृषि उपजहरुलाई प्राङ्गारिक प्रमाणित गरी वा रैथाने बालीहरुको गुणस्तर कायम राख्ने गरी लोगो प्रयोग गर्न इच्छुक प्रशोधनकर्ता वा प्याकेजकर्ताहरुले पाँचसय रुपैया सहित अनुसूचि- २ बमोजिमको ढाँचामा निवेदन तथा अन्य कागजातहरु सहित दफा १० बमोजिमको समितिमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा उक्त निवेदन उपर कारबाही गर्दा समितिले आवश्यक परेमा थप कागजात माग गरी जाँचबुझ गर्न तथा आवश्यक देखेमा समितिले स्थलगत अवलोकन समेत गर्न गराउन सक्नेछ ।

(३) उपदफा (१) अनुसार परेका निवेदन उपर समितिले निवेदन प्राप्त भएको ३० दिनभित्र कार्यविधिमा उल्लेखित आचार संहिता तथा स्थलगत अवलोकनको प्रतिवेदनका आधारमा लोगो प्रयोग गर्न दिने वा नदिने सूचना सम्बन्धित निवेदकलाई जानकारी गराई सक्नु पर्नेछ ।

(४) निवेदकलाई लोगो प्रयोग गर्न नदिने निर्णय भएमा कारण समेत खोली जानकारी गराउनुपर्नेछ । त्यस्तो निवेदकले फेरी आवश्यक प्रक्रिया पुरा गरी लोगो प्रयोगको लागि पुनः आवेदन दिन सक्नेछ ।

(५) उपदफा (३) अनुसारको निर्णय उपर चित्त नबुझे निवेदकले सो निर्णय भएको मितिले तीस दिन भित्र मन्त्रालयमा पुनरावलोकन दिई सक्नु पर्नेछ ।उक्त पुनरावेदन उपर मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

(६) दफा ८ र ९ बमोजिमको आचार संहिता र शर्त पालना गरेको निवेदकलाई मात्र समितिको सिफारिसमा मन्त्रालयले अनुसूची ४ बमोजिमको ढाँचामा लोगो प्रयोग गर्ने इजाजत पत्र दिनेछ ।

६. **नविकरण गर्नु पर्ने**: (१) लोगो प्रयोगकर्ताले आँफूले लोगो प्रयोग गरी बिक्री गरेको प्राङ्गारिक कृषि उपजहरु, विभिन्न रैथाने बालीहरु र अन्य उपजहरुको विवरण खुलाई प्रत्येक वर्ष नविकरण गर्नु पर्नेछ ।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

(२) लोगो प्रयोग गर्न पाउने अवधि समाप्त भएको मितिले पैतिस दिनभित्र निर्धारित सेवा शुल्क र आवश्यक कागजात सहित अनुसूची ३ बमोजिमको ढाँचामा नविकरणका लागि समितिमा निवेदन पेश गर्नु पर्नेछ ।

७. <u>बजार प्रवर्द्धन तथा व्यवस्थापन करार गर्न सक्ने</u> : (१) अन्तराष्ट्रिय बजारमा कर्णालीमा उत्पादन भएका कृषि उपजहरु, प्राङ्गारिक प्रमाणित भएका कृषि उपजहरु र विभिन्न रैथानेबालीहरुको बजार प्रवर्द्धन गर्ने उद्देश्यले मन्त्रालयले कुनै फर्म वा संघसंस्थाहरुसंग करार सम्झौता गरी वेभसाइटमा प्रकाशन तथा अन्य प्रचारात्मक सामग्रीमा लोगो प्रयोग गर्न अनुमति दिन सक्नेछ ।

(२) लोगो सञ्चालन तथ व्यवस्थापनका लागि स्वामित्व मन्त्रालयसंग नै रहने गरी मन्त्रालय आँफैले सञ्चालन गर्ने वा व्यवस्थापनको जिम्मेवारी दिन सक्नेछ ।

## परिच्छेद -४
## लोगो प्रयोगकर्ताले पालना गर्नु पर्ने आचार संहिता र शर्तहरु

८. <u>आचार संहिता पालना गर्नु पर्नेः</u> (१) दफा ९ बमोजिमका शर्तहरू पालना गरी उत्पादन, संकलन, प्रशोधन, प्याकिङ्ग, भण्डारण तथा वितरण गरिएका कर्णाली प्रदेशका उपजको लागि मात्र लोगो प्रयोग गर्न पाइनेछ। मूल्यवान लोगो कर्णाली प्रदेशका कृषि तथा जडीबुटीजन्य उपजहरुको उच्च गुणस्तरको संकेत सुचक भएको हुनाले लोगो प्रयोगकर्ताले उच्च गुणस्तरको उपजमा मात्र लोगो प्रयोग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आचार संहितामा आवश्यकता अनुसार समितिको सिफारिसमा मन्त्रालयले आवश्यक संशोधन गर्न सक्नेछ ।

९. <u>लोगो प्रयोगकर्ताले पालना गर्नु पर्ने शर्तहरुः</u> (१) लोगो प्रयोगकर्ताले देहाय बमोजिमका शर्तहरु अनिवार्य पालना गर्नुपर्नेछः-

(क) दफा ५ बमोजिमको इजाजतपत्र लिएर मात्र लोगो प्रयोग गर्नु पर्ने,

(ख) लोगो कर्णाली प्रदेशभित्र उत्पादन भएका कृषि उपजहरु, प्राङ्गारिक प्रमाणित कृषि उपजहरु, विभिन्न रैथाने बालीहरु र अन्य उपजहरुको लागि मात्र प्रयोग गर्नु पर्ने,

(ग) लोगो अन्तराष्ट्रिय बजार तथा आन्तरिक बजार दुबैमा बिक्री हुने कर्णालीमा उत्पादन भएका कृषि उपजहरु, प्राङ्गारिक प्रमाणित कृषि उपजहरु, विभिन्न रैथानेबाली र अन्य उपजहरुमा प्रयोग गर्न सकिने,

(घ) लोगो प्रयोग गरि विक्रि गरेको कृषि उपजहरुको परिमाण खुलाई दफा ६ बमोजिम लोगो प्रयोगकर्ताले नविकरण गर्नु पर्ने,

(ङ) लोगो प्रयोगकर्ताले कृषि उपजहरुको उत्पत्तीको पहिचान (Product Traceability) का लागि व्यवस्था मिलाएको हुनुपर्ने,

(छ) दफा ८ को उपदफा (१) बमोजिमको आचार संहिता पालना गरी कृषि उपजहरुको उत्पादन, संकलन, प्रशोधन, प्याकिङ्ग, भण्डारण तथा वितरण गरेको हुनुपर्ने ।

राजेन्द्र प्रसाद मि
सचिव

(२) समितिले कुनै पनि बेला पूर्व सुचना दिएर वा नदिएर लोगो प्रयोगकर्ताको कृषि उपजको उत्पादन, संकलन, प्रशोधन, प्याकिङ्ग, भण्डारण तथा वितरण प्रणालीको स्थलगत निरीक्षण गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम स्थलगत निरिक्षणमा लोगो प्रयोगकर्ताले पालना गर्नु पर्ने कुनै आचार संहिता वा शर्त पालना नगरेको पाइएमा समितिको सिफारिसमा मन्त्रालयले उक्त प्रयोगकर्तालाई दफा १६ बमोजिम कारबाही गर्न सक्नेछ ।

## परिच्छेद- ५
## समिति सम्वन्धी व्यवस्था

१०. <u>लोगो अनुगमन व्यवस्थापन तथा नियमन समिति</u> : (१) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिवको संयोजकत्वमा नौ सदस्यीय लोगो अनुगमन व्यवस्थापन तथा नियमन समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | सचिव, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | प्रतिनिधि, उद्योग बाणिज्य संघ कर्णाली प्रदेश | सदस्य |
| (ग) | प्रतिनिधी, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (घ) | प्रतिनिधी, खाद्य प्रविधि तथा गुणनियन्त्रण कार्यालय कर्णाली प्रदेश | सदस्य |
| (ङ) | निर्देशक, कृषि विकास निर्देशनालय | सदस्य |
| (च) | निर्देशक, पशुपन्छी विकास निर्देशनालय | सदस्य |
| (छ) | गुणस्तर तथा प्राङ्गारिक कृषि उपज र रैथाने बाली सम्बन्धी व्यावसायी वा विज्ञ एक जना | सदस्य |
| (ज) | कार्यालय प्रमुख, एकीकृत कृषि प्रयोगशाला, कर्णाली प्रदेश | सदस्य |
| (झ) | महाशाखा प्रमुख, कृषि विकास महाशाखा | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले उपयुक्त सम्झेको अन्य व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सक्नेछ ।

११. <u>समितिको बैठक</u> : (१) समितिको बैठक वर्षमा कम्तिमा चार पटक अध्यक्षले तोकेको स्थान र मितिमा बस्नेछ ।

(२) समितिको बैठक सम्बन्धी सूचना अध्यक्षको निर्देशन अनुसार समितिको सदस्य सचिवले कम्तिमा सात दिन अगाडी नै समितिका प्रत्येक सदस्यहरुलाई दिनु पर्नेछ ।

(३) समितिमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

राजेन्द्र प्रसाद मि
सचिव

(४) कुनै बैठकको एजेण्डामा समितिको सदस्यसंग गाँसिएको विषय विवाद वा छानविन भए उक्त सदस्यले बैठकमा सहभागी हुन पाउने छैन ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आँफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. समितिको काम कर्तव्य र अधिकार: समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) लोगो प्रयोगको लागि परेका निवेदन उपर आवश्यक कारबाही गर्ने गराउने

(ख) निवेदकले पेश गरेका कागजात अध्ययन तथा छानविन गरी आवश्यक परेमा थप कागजात माग गर्ने गराउने ।

(ग) निवेदन उपर छानविन गरी निवेदकलाई लोगो प्रयोगको इजाजत पत्र दिने वा नदिने बारे बोर्डलाई सिफारिस गर्ने ।

(घ) लोगो प्रयोगकर्ताले पालना गर्नु पर्ने शर्तहरु पालना गरेको अवस्था वारे जानकारी लिइ स्थलगत निरिक्षण गर्ने गराउने ।

(ङ) दफा ८ को उपदफा (१) बमोजिमका आचार संहिताहरु पुरा गरी उत्पादन, संकलन, प्रशोधन, प्याकिङ्ग, भण्डारण तथा वितरण भएको कृषि उपजहरुमा मात्र लोगो प्रयोग भएको छ वा छैन अनुगमन तथा निरिक्षण गर्ने गराउने ।

(च) आचार संहिता पालना नभएको भनी परेको उजुरी बारे आवश्यक छानविन गरी मन्त्रालयलाई आवश्यक कारबाहीको लागि सिफारिस गर्ने ।

(छ) समितिको अन्य काम, कर्तव्य, अधिकार र कार्यक्षेत्र मन्त्रालयले तोके बमोजिम हुनेछ ।

१३. उपसमिति गठन गर्न सक्ने : (१) समितिले आफ्नो कार्य सञ्चालनका लागि आवश्यकता अनुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यक्षेत्र तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद- ६
## निर्देशिका उल्लंघन छानवीन तथा सजाय

१४. कार्यविधिको उल्लंघन : देहायको अवस्थामा कार्यविधिको उल्लंघन भएको मानिनेछ ।

(क) इजाजतपत्र बिना वा नविकरण नगरी अनाधिकृत रुपमा लोगो प्रयोग गरेमा

(ख) दफा ८ को उपदफा (१) बमोजिमका आचार संहिताहरु पालना नगरी उत्पादन, संकलन, प्रशोधन, प्याकिङ्ग, भण्डारण तथा वितरण भएको कृषि उपजहरुमा लोगो प्रयोग भएमा

(ग) दफा ९ बमोजिममा शर्तहरु उल्लंघन भएको पाइएमा

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

१५. **छानविन :** (१) कुनै प्रयोगकर्ताले कार्यविधि उल्लंघन गरेको उजुरी परेमा वा समितिमा जानकारी प्राप्त भएमा समितिले छानविन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा सम्बन्धित प्रयोगकर्ताले आचार संहिता उल्लंघन गरेको देखिएमा समितिको सिफारिसमा मन्त्रालयले सम्बन्धित प्रयोगकर्तालाई आचार संहिता उल्लंघन गरेको विषय र निजले भविष्यमा गर्नु पर्ने सुधारका विषयहरु स्पष्ट खुलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जानकारी गराँउदा सम्बन्धित प्रयोगकर्ताले जानकारी पाएको मितिले पन्ध्रदिन भित्र मन्त्रालयलाई जबाफ दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिएको जबाफमा सम्बन्धित प्रयोगकर्ताले आँफू उपर लागेको आरोप स्वीकार गरी त्यस अनुरुप कार्यान्वयन तथा सुधार गर्ने कुरामा सहमत हुने आधार पेश भएमा मन्त्रालयले एक्काईस दिनभित्र सोही बमोजिम कार्यान्वयन गर्न वा सो सम्बन्धी अन्य आदेश दिनेछ ।

(५) उपदफा (३) बमोजिम दिएको जवाफ सन्तोषजनक नभएमा वा जवाफ नै नदिएमा मन्त्रालयले दफा १६ बमोजिम कारबाही गर्नेछ ।

१६ **कारबाही :** लोगो प्रयोगकर्ताले दफा ८ र ९ बमोजिमका आचार संहिता तथा शर्तहरु उल्लंघन गरेको ठहर गरेमा उल्लंघनको गाम्भिर्यता समेतलाई दृष्टिगत गरी समितिको सिफारिसमा मन्त्रालयले देहाय मध्ये कुनै एक वा एकभन्दा बढि सजाय गर्नेछ ।

(क) सचेत गराउने

(ख) निश्चित अवधि वा परिमाणको कृषि उपजमा लोगो प्रयोग भएको बिक्री गर्न बञ्चित गर्ने।

(ग) लोगो प्रयोग भइ कृषि उपज बिक्री भएको रकमको तिन प्रतिशतसम्म जरिवाना गर्ने ।

(घ) लोगो प्रयोग भएको कृषि उपज जफत गर्ने ।

(ङ) निश्चित अवधि खुलाई बढिमा एक बर्षसम्म इजाजत निलम्बन गर्ने र लोगो प्रयोगमा रोक लगाउने ।

(च) भविष्यमा समेत इजाजत पत्र लिन नपाउने गरी कालो सूचिमा राख्ने र लोगो प्रयोगमा रोक लगाउने ।

(छ) लोगो प्रयोग सम्बन्धी अन्य उपयुक्त आदेश दिने ।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## परिच्छेद- ७
## विविध

१७. **लोगो अंकित प्याकिङ्गमा देहायको बस्तुको प्रयोग गर्न प्रतिबन्धित हुनेछ ।**

क. मानव स्वास्थ्यमा प्रतिकुल असर पार्ने वस्तु तथा रङ्गको प्रयोग भएमा ।

ख. प्याकिङ्ग सामाग्रीको रुपमा प्रयोग गर्ने कागज, स्प्रे, क्वाइल, जुट, काठको बाकस, अल्मुनियम बाकस, टीन आदी मानव स्वास्थ्यमा असर पार्ने खालको भएमा ।

ग. दफा ४ बमोजिमका कुराहरु समाबेश नभएमा ।

१८. **लोगोको प्रयोग गर्ने फर्म बिक्रेता :** देहायका फर्म विक्रेताहरुले राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा लोगो प्रयोग गर्न र कारोबार गर्न योग्य मानिनेछ ।

क. प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको ।

ख. कर प्रयोजनको लागि सम्बन्धित निकायमा दर्ता भएको ।

ग .खण्ड (क) र (ख) बमोजिम दर्ता भएको फर्म बिक्रेता पुन मन्त्रालयमा सूचिकृत भएको हुनु पर्ने।

घ. सम्बन्धित निकायमा दर्ता तथा सूचिकृत विवरण समेत नविकरण भएको हुनु पर्ने ।

ङ. दफा ९ को कसुरमा प्रतिबन्धित नभएको ।

१९ **अभिलेख राखिनेः** मूल्यवान लोगो प्रयोग गर्न इजाजत उपलव्ध गराइएका सबै किसिमका फर्म वा संघसंस्थाहरूको विस्तृत विवरण सहितको अभिलेखिकरण मन्त्रालयमा राखिनेछ । मन्त्रालयले आफ्नो वेभसाइट मार्फत समय समयमा अपडेट गरिएको विवरण जानकारी गराउने छ ।

२० **बार्षिक प्रतिवेदनः** मूल्यवान लोगो प्रयोग गर्ने प्रत्येक फर्मले आर्थिक बर्ष समाप्त भएको १ महिनाभित्र मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२१ **व्याख्या गर्ने अधिकार** : यस मापदण्डको ब्याख्या गर्ने अधिकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेशलाई हुनेछ ।

२२ **बाधा अडकाउ फुकाउ :** यस मापदण्डका सम्बन्धमा कुनै बाधा अडकाउ परेमा कर्णाली प्रदेश प्राङ्गारिक कृषि ऐन, २०७६ को भावना प्रतिकुल नहुने गरी मन्त्रालयले बाधा अडकाउ फुकाउन आबश्यक निर्णय गर्न सक्नेछ ।

२३ **मापदण्डमा संसोधन खारेजः** मन्त्रालयले आवश्यकता अनुसार यो मापदण्डको संशोधन तथा खारेज गर्न सक्नेछ ।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

अनुसूची- १

(दफा ३ को उपदफा (१) संग सम्बन्धित)

मूल्यवान कर्णाली किसानको सम्पदा उल्लेख भएको लोगो

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| MULYAWAN<br>Heritage Of Karnali Farmer | मूल्यवान<br>कर्णाली किसानको सम्पदा |

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

अनुसूचि -२

(दफा ५ को उपदफा (१) संग सम्बन्धित)

**लोगो प्रयोग गर्नको लागि दिनु पर्ने निवेदनको ढाँचा**

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

श्रीमान् सचिव ज्यू
लोगो अनुगमन व्यवस्थापन तथा नियमन समिति
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश, सुर्खेत

विषय : कर्णाली प्रदेशको सरकारले तोकेको मूल्यवान लोगो प्रयोग गर्ने स्वीकृति पाउँ ।

उपरोक्त विषयमा कर्णालीमा उत्पादन भएका प्राङ्गारिक कृषि उपज र विभिन्न रैथाने बालीहरुको बजारमा मूल्यवान लोगो अंकित प्याकिङ्ग गरी बिक्री तथा निर्यात गर्ने सिलसिलामा मन्त्रालयको अनुमतिका लागि लोगो प्रयोग गर्न देहाय बमोजिमको आवश्यक विवरण सहित निवेदन पेश गरेको छु ।

**विवरण**

१.निवेदकको किसिमः (उत्पादक/प्रशोधन कर्ता/प्याकेजकर्ता/विक्रेता)

२.बार्षिक अपेक्षित बिक्री परिमाणको विवरणः

| क्र. सं. | उपजको नाम | उत्पत्तीको स्थान क्षेत्र | | | | प्रशोधन प्याकेजिङ्ग | लक्षित बजार |
|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | पालिका | वडा | टोल | | |
| १ | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |

**स्वघोषणा** : मापदण्डको दफा ८ बमोजिमका आचार संहिता र शर्तहरु पालना गरी उत्पादन, संकलन, प्रशोधन, प्याकिङ्ग तथा भण्डारण गरिएको कर्णाली प्रदेशको कृषि जन्य उत्पादन र जडिबुटिमा मात्र मूल्यवान लोगो प्रयोग गर्नेछु । छौं । शर्त तथा आचार संहिता उलंघन गरेको पाइएमा यस निर्देशिका तथा प्रचलित कानुन बमोजिम कारवाही भोग्न तयार छु ।छौं ।

निवेदकः

नाम

ठेगाना

संस्था

संस्थाको छाप

**संलग्न कागजातहरु**

क. दस्तुर बुझाएको सक्कल भौचर

ख. उद्योग, कम्पनि वा सहकारी दर्ताको प्रमाणित प्रतिलिपि

ग. निवेदक, उत्पादक वा प्रशोधनकर्ता वा विक्रिकर्ताले दफा ९ उपदफा (१) बमोजिमको आचार संहिता पालना गरेको प्रतिबद्धता पत्र

घ. निवेदक, प्याकेजकर्ता भएमा खरिद गरिएको प्रशोधनकर्ताको लोगो प्रयोग इजाजतको प्रतिलिपी

ङ. प्राङ्गारिक प्रमाणीकरणको गुणस्तर नियन्त्रण सम्बन्धी प्रमाणपत्र भएमा त्यसको प्रतिलिपि

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## अनुसूची – ३

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**इजाजतपत्र नविकरणको लागि दिनु पर्ने निवेदनको ढाँचा**

श्रीमान् सचिव ज्यू,
लोगो अनुगमन व्यवस्थापन तथा नियमन समिति
भूमि व्यवस्था ,कृषि तथा सहकारी मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत ।

विषय : मूल्यवान लोगो प्रयोगको इजाजत नविकरण बारे ।

प्रस्तुत विषयमा मूल्यवान कर्णाली किसानको सम्पदा नामक लोगोको प्रयोग गरी कर्णालीमा उत्पादन भएका प्राङ्गारिक तथा रैथाने बालीहरुको आन्तरिक/अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्ने सिलसिलामा यस संस्थाले मूल्यवान लोगो प्रयोग गर्दै आएको र हाल आएर यसको अवधि सकिएको हुनाले नविकरण गर्नका लागि देहाय बमोजिमको आवश्यक विवरण सहित यो निवेदन पेश गरेको छु।

क) निवेदकको किसिमः ( ) उत्पादक ( ) प्रशोधक ( ) प्याकेजकर्ता

ख) यस अघिको इजाजत अवधीमा लोगो प्रयोग गरी विक्री गरिएको कृषि उपजहरूको विवरणः

| सि. नं. | उपजको किसिम र ग्रेड | परिमाण | |
|---|---|---|---|
| | | आन्तरिक बजार | अन्तराष्ट्रिय बजार |
| | | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| | कूल जम्मा | | |

**स्वघोषणाः** निर्देशिकाको दफा ८ बमोजिमका आचार संहिताहरु पालना गरी उत्पादन, संकलन, प्याकिङ्ग तथा भण्डारण गरिएको उपजमा मात्र मूल्यवान लोगो प्रयोग गर्नेछु । छौं । शर्त तथा आचार संहिता उल्लंघन गरेको पाइएमा यस निर्देशिका तथा प्रचलित कानुन बमोजिम कारवाही भोग्न तयार छु ।छौं ।

**निवेदकः**

नाम
ठेगाना
संस्था

संस्थाको छाप

**<u>संलग्न कागजातहरुः</u>**

क. दस्तुर बुझाएको सक्कल भौचर
ख. उद्योग कम्पनि वा सहकारी दर्ताको प्रमाणित प्रतिलिपि
ग. निवेदक उत्पादक वा प्रशोधन कर्ता वा विक्रिकर्ताले दफा १ उपदफा (२) बमोजिमको आचार संहिता पालना गरेको प्रतिबद्धता पत्र
घ. निवेदक प्याकेजकर्ता भएमा खरिद गरिएको प्रशोधनकर्ताको लोगो प्रयोग इजाजतको प्रतिलिपी
ङ. प्राङ्गारिक प्रमाणीकरको गुणस्तर नियन्त्रण सम्बन्धी प्रमाणपत्र भएमा त्यसको प्रतिलिपि

राजेन्द्र प्रसाद मि

अनुसूची - ४
(दफा ५को उपदफा (६) संग सम्बन्धित)
"मूल्यवान कर्णालीको किसानको सम्पदा" अंकित लोगो प्रयोग इजाजतपत्रको ढाँचा

कर्णाली प्रदेश सरकार

# लोगो अनुगमन व्यवस्थापन तथा नियमन समिति

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

इजाजत नं............/२०......

## लोगो प्रयोग गर्ने इजाजतपत्र

कर्णाली प्रदेशमा उत्पादित कृषि उपजहरु र विभिन्न रैथाने बालीहरुलाई प्राङ्गारिक कृषिको लागि कर्णाली प्रदेशको लोगो प्रयोग सम्बन्धी मापदण्ड, २०७८ को दफा ५ उपदफा (६) बमोजिम प्रशोधनकर्ता, प्याकिङ्गकर्ता र बिक्रि वितरणको कारोबार गर्नका लागि मापदण्डले दिएको प्रावधान अनुरुप लोगो प्रयोगको लागि इजाजत पत्र प्रदान गरिएको छ ।

इजाजत दिने अधिकारी
नाम:
पद:
हस्ताक्षर:
मिति:

नविकरण:

| इजाजत जारी गरेको मिति | इजाजत समाप्त हुने मिति | लोगो प्रयोग गरी बिक्रि हुने कुल परिमाण (किलोग्राम) | नविकरण गर्ने अधिकारीको सहिछाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**नोट:** *म्याद सकिएको पैंतिस दिनभित्र नविकरण गर्नुपर्नेछ । नविकरण नगरेको अवधिमा लोगो प्रयोग गरेको पाइएमा मापदण्डको दफा १६ बमोजिम कारबाही गरिनेछ ।*

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## अनुसूची- ५
### (दफा १९ संग सम्बन्धित)
### भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा अभिलेख राखिने लोगो प्रयोगकर्ताको विवरण

| क्र. सं. | इजाजत नं | संस्था | ठेगाना | ब्राण्ड | प्रयोगकर्ताको किसिम | | | बजारको किसिम | | इजाजत अवधि | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | उत्पादक | प्रशोधनकर्ता | प्याकेजकर्ता | आन्तरिक | अन्तराष्ट्रिय | शुरु मिति | समाप्त मिति | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव